नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

पत्र संख्याः
चलानी नं.

# प्रेस विज्ञप्ति

नेपाल सरकारको संचित कोषबाट निवृत्तिभरण पाइरहेका निवृत्तभरकहरुलाई रकम भुक्तानी गर्ने बैंकहरुलाई सोधभर्ना वापत १(एक) प्रतिशत सेवा शुल्क दिने व्यवस्था रहेकोमा विद्युतीय भुक्तानी प्रणाली मार्फत निवृत्तभरण रकम सोझै बैंक खातामा पठाउने प्रबन्ध गरिएकोले सो सेवा शुल्क सम्बन्धी व्यवस्था हटाउने गरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।०७।२४ को निर्णयानुसार देहाय बमोजिमको व्यवस्था गरिएको जानकारी गराइन्छ ।

क) नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०५२।०२।२८ को निर्णयानुसार निवृत्त राष्ट्रसेवकलाई निवृत्तभरण वापत भुक्तानी भएको रकममा बैंकलाई भुक्तानी गरिदैं आएको १(एक) प्रतिशत सेवा शुल्क खारेज गर्ने ,

ख) नेपाल सरकारबाट सोधभर्ना प्राप्त गर्ने, शैक्षिक तथा सन्तति वृत्ती र अन्य भुक्तानीमा बैंकबाट नै अग्रिम भुक्तानी दिई सोधभर्ना गरिने रकममा मात्र एक प्रतिशत सेवा शुल्क उपलब्ध गराउने ,

ग) निवृत्तभरण प्राप्त गरिरहेको व्यक्ति वा निजको हकवालाको मृत्यु भएमा निवृत्तभरण वापत निजको बैक खातामा जम्मा भएको रकम भुक्तानी नहुने व्यवस्था सुनिश्चित गर्न सम्बन्धित पञ्जिकाधिकारीको कार्यालयले मृत्यु दर्ता गरिएका त्यस्ता व्यक्तिको विवरण सम्बन्धित बैंक तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा जानकारीका लागि पठाउने र निवृत्तभरण वापत निजलाई बढी भुक्तानी दिएको भए उक्त रकम संचित कोषमा जम्मा गर्ने व्यवस्था सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले मिलाउने।

हाल २,८४००० को संख्यामा निवृत्तभरकहरु रहेका र वार्षिक रु.५५ अरब निवृत्तभरण रकम खर्चको अनुमान रहेको छ।

विद्युतीय प्रणाली मार्फत निवृत्तिभरण भुक्तानी व्यवस्थालाई प्रविधिमैत्री बनाई थप व्यवस्थित, पारदर्शी र मितव्ययी बनाउने तर्फ महालेखा नियन्त्रक कार्यालय प्रतिवद्ध रहेको व्यहोरा समेत जानकारी गराइन्छ ।

२०७७।८।२८

(ज्ञानेन्द्र पौडेल)

प्रवक्ता

"नतिजामुखी प्रशासनः समृद्धि र सुशासन"
अनामनगर, काठमाण्डौं, फोनः ०१-४७७१२९०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np